आकाशवाणी

23-1-26

मुख्य समाचार।

- उपराष्ट्रपतिले  नेताजीको निडर नेतृत्व र स्वतन्त्रता प्रति अटूट प्रतिबद्धता साँच्चो वीरताको प्रतीक रहेको बताउनुभयो
- भगवान स्वामीनारायणको जीवन आध्यात्मिक साधना र निस्वार्थ सेवाको साक्षात उदाहरण  रहेको प्रधानमन्त्रीको भनाइ
- केन्द्रीय इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्रीले, भारत अगिलो अठाह्र महीनामा आफ्नो मोबाइल ब्राण्ड लन्च गर्ने तयारीमा रहेको दिनुभयो जानकारी , अनि
- भारतीय सशस्त्र बलले  यस वर्ष कर्तव्य पथमा आयोजित हुने सत्तहतरौं गणतन्त्र दिवस परेडमा **अपरेशन सिन्दूर : संयुक्तता से विजय** शीर्षकबाट एउटा त्रि-सेवा झाँकी प्रस्तुत गर्नेछ

---------

**राष्ट्रपति-बोस**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नेताजी सुभाष चन्द्र बोसको जयन्तीको अवसरमा राष्ट्रपति भवनमा उहाँलाई पुष्पान्जलि अर्पण गर्नुभयो ।

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले भन्नुभयो, नेताजी सुभाष चन्द्र बोसको जीवन पीढीहरूको साहसले, त्याग र राष्ट्रीय एकताको आदर्शलाई कायम राख्नका लागि प्रेरित गरिरहन्छ । उहाँले भन्नुभयो, नेताजीको निडर नेतृत्व र स्वतन्त्रता प्रति अटूट प्रतिबद्धता साँच्चो वीरताको प्रतीक हो। उपराष्ट्रपतिले नेताजीको एक सय उन्तीस औं  जयन्तीको अवसरमा उहाँको **जन्मस्थान कटक स्थित जानकीनाथ भवनको पनि यात्रा गर्नुभयो** । श्री राधाकृष्णनले ओडिशाका राज्यपाल डा. **हरि बाबू कङ्भमपति** र मुख्यमन्त्री मोहन चरण माँझी संग नेताजीको प्रतिमामा  पुष्पान्जलि अर्पण गर्नुभयो र नेताजी संग्रहालयको भ्रमण पनि गर्नुभयो ।

## 42 एसएसडीएमए-आपदा पुरस्कार

सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणलाई संस्थागत श्रेणीमा र लेफ्टिनेन्ट कर्नल सीता अशोक शेल्केलाई व्यक्तिगत श्रेणीमा आपदा प्रबन्धनको क्षेत्रमा उहाँको उत्कृष्ट कार्यका लागि **सुभाष चन्द्र बोस आपदा प्रबन्धन पुरस्कार दुई हजार छब्बीसका लागि** चुनिएकोछ । सरकारले आपदा प्रबन्धनको क्षेत्रमा व्यक्तिहरू र संगठन द्वारा दिइएको अमूल्य योगदान र सेवालाई मान्यता दिने र सम्मानित गर्नका लागि सुभाष चन्द्र बोस आपदा प्रबन्धन पुरस्कारको घोषणा गरेकोछ।

## प्रधानमन्त्री - स्वामीनारायण

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भगवान स्वामीनारायणको जीवन आध्यात्मिक साधना र निस्वार्थ सेवाको साक्षात उदाहरण थियो । उहाँले भन्नुभयो, उनको अनुयायी समाज, राष्ट्र र मानवताको सेवामा अनगन्ती अभियान चलीरहेकोछ। आज भिडियो कन्फ्रेन्सको माध्यमले शिक्षापत्री द्विशताब्दी महोत्सवमा श्री मोदीले भन्नुभयो, शिक्षा र स्वास्थ्य सम्बन्धित परियोजनाहरू, किसान कल्याणको संकल्प र जल संरक्षण संग जोड़ीएको पहल वास्तवमा सराहनीय छ। उहाँले भन्नुभयो, सबै पूजनीय सन्तहरू र भक्तहरूलाई समाज सेवा प्रति आफ्नो जिम्मेवारीहरूको निरन्तर विस्तार गर्दै देख्नु प्रेरणादायक छ।

## Pm byte 1 -swami

## 45. वैष्णव-भारतीय मोबाइल ब्रांड

केन्द्रीय इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, भारत अगिलो अठाह्र महीनामा आफ्नो मोबाइल ब्राण्ड लन्च गर्ने तयारीमा छ । श्री वैष्णवले **दावोसमा** विश्व आर्थिक मन्चमा यो जानकारी दिनुभयो । उहाँले भन्नुभयो भारतमा एउटा मजबूत इलेक्ट्रोनिक्स इकोसिस्टम छ र अब मोबाइल फोनको क्षेत्रमा आफ्नो ब्राण्ड ल्याउने

समय आएको छ । उहाँले बताउनुभयो, विश्व आर्थिक मन्चमा, भारतले मोबाइल फोनमा ल◌ाग◌्ने हजार◌ौ◌ं चीजहरूको उत्पादन गर्ने पूर◌ा इकोसिस्टमका साथ महत्वपूर्ण बैठक गर्यो।

Vaisnav – byte2 ecosystem

### 53. भारतीय सेना-आईआईएससी समझौता

भारतीय सेनाले बेङ्गलुरुमा भारतीय विज्ञान संस्थानका साथ एउटा समझौता ज्ञापनमा हस्ताक्षर गरेकोछ । यस अन्तर्गत सहयोगात्मक अनुसन्धान र नवाचारका माध्यमले पूर्ण रूपले स्वदेशी **आटीफिशियल इन्टेलिजेन्स-मा** आधारित प्रणाली विकसित गरिनेछ। यसको उद्देश्य डिजिटल सूचना परिदृश्यमा उदाउँदो चुनौत◌ीहरूको समाधान गर्नु हो । भारतीय सेनाले सोशल मीडिया पोस्टमा भन्नुभयो, य◌ो पहलले आत्मनिर्भर भारतको निर्माण प्रति सेनाको प्रतिबद्धतालाई दर्शाउछ ।

### 82 जितेन्द्र-कौशल सम्मेलन

केन्द्रीय विज्ञान र प्रौद्योगिकी राज्य मन्त्री ड◌ाक्टर जितेन्द्र सिंहले भन्नुभयो, भारतमा सबैलाई समान अवसर मिल◌िरहेको छ । उहाँले भन्नुभयो, यसले एउटा यस्तो तन्त्र तयार भएकोछ, जहा◌ँ युवाले आफ्नो योग्यता चिनेर, आफ्नो मार्ग चुन◌्न सक्छन् र कौशललाई सतत आजीविकामा बदल◌िन सक◌्छन् । नयाँ दिल्लीमा राष्ट्रीय कौशल सम्मेलन दुई हजार छब्बीसलाई सम्बोधन गर्दै ड◌ा जितेन्द्र सिंहले भन्नुभयो, भारतका युवा आज पह◌िले भन्दा धेरै जागृत छन् ।

### 88 झांकी - अपरेशन सिंदूर

भारतीय सशस्त्र बलले यस वर्ष कर्तव्य पथमा आयोजित ह◌ुने सत्तहतरौं गणतन्त्र दिवस परेडमा **अपरेशन सिन्दूर : संयुक्तता से विजय** शीर्षक बाट एउटा त्रि-सेवा झा◌ँकी प्रस्तुत गर्नेछ। रक्षा मंत्रालयले बताय◌ो, झा◌ँकीमा भारतको विकसित सैन्य सिद्धान्तलाई दर्शाइनेछ ।

यस झाँकीमा संयुक्त अभियान, सटीक हमला र स्वदेशी रक्षा क्षमताहरूलाई प्रदर्शन गरिनेछ। मन्त्रालयले भनेकोछ, यो झाँकीले प्रधानमन्त्रीको आत्मनिर्भर भारतको दृष्टिकोण र देशलाई दुई हजार सैतालिस सम्म विकसित भारत तर्फ अग्रसर हुने दर्शाउँछ।

## 65. गणतंत्र दिवस- पूर्वाभ्यास

राष्ट्रीय राजधानीको कर्तव्य पथमा आज गणतन्त्र दिवस परेडको फुल ड्रेस रिहर्सलको पूर्वाभ्यास भयो । यसमा भारतको समृद्ध विरासत, सैन्य शक्ति र सांस्कृतिक विविधताको प्रदर्शन गरियो । देश यस ठूलो दिनको तयारीमा जुटेको छ र पूर्वाभ्यासले आगामी समारोहको एउटा आकर्षक झलक पेश गर्यो । सशस्त्र बलका विभिन्न दल र विभिन्न राज्यहरूको झाँकीहरूले विविध शक्ति र सांस्कृतिक समावेशिताको झलक देखायो ।

## 79 दिल्ली-गणतंत्र दिवस मेट्रो

गणतंत्र दिवसको अवसरमा मानिसको यात्रालाई सुगम र सरल बनाउनका लागि दिल्ली मेट्रोको सेवाहरू प्रात: तीन बजे देखी शुरू हुनेछ। दिल्ली मेट्रो रेल निगम- डी.एम.आर.सी ले बताएको छ मेट्रो बिहान छ बजे सम्म पन्द्रह मिनेटको अन्तरालमा चल्नेछ र त्यसपछि अरूदिन सामान्य समयानुसार सन्चालित गरिनेछ। डी.एम.आर.सी-ले कुनैपनि बाधाबाट बाच्नका लागि आफ्नो यात्राको योजना यसै समयका अनुसार बनाउने अनुरोध गर्यो । निगमले बताएकोछ, गणतन्त्र दिवसको समारोहमा शामेल हुने नागरिकहरूको सुविधाका लागि सबै मेट्रो स्टेशनहरूमा पारकिङ्ग पूर्ण रूपले खुला रहनेछ।

## 14 संयुक्त अरब अमीरात-विश्व आर्थिक मंच

संयुक्त अरब अमीरात र विश्व आर्थिक मन्चले अगिलो पाँच साल सम्म वैश्विक भविष्य परिषदहरूको वार्षिक बैठकहरू आयोजना गर्नमा सहमति व्यक्त गरेकोछ । यो रणनीतिक

भागीदारीमा एउटा नयाँ अध्याय हो। स्विट्जरल्याण्ड-को दावोसमा विश्व आर्थिक मन्चको वार्षिक बैठकमा यस सम्बन्धमा समझौता ज्ञापन गरियो । संयुक्त अरब अमीरातमा मन्त्रिमण्डल मामिलाका मन्त्री मोहम्मद बिन अब्दुल्ला अल गर्गावीले भन्नुभयो, यस भागीदारीले प्रभावी वैश्विक भागीदारीको संयुक्त अरब अमीरात के दृष्टिकोणलाई दर्शाउँछ ।